# बाल बिवाह सर्वेक्षण प्रतिवेदन
# Report on Child Marriage Prevalence Survey

Raskot Municipality, Kalikot

December-2022

Plan International Nepal

Human Rights and Environment Development Center (HuRENDEC) Nepal

Social Awareness and Development Academy (SAADA-Nepal)

विषयसूची (Contents)

बिषयसूचि (Contents)

नगरपालिका कार्यपालिकाको कार्यालय कालिकोट कर्णाली प्रदेश, नेपाल

शब्दावली तथा परिभाषा ........................................................3
कृतज्ञता ........................................................4
साराँश (Summary) ........................................................5
एकाइ १: परिचय (Introduction) ........................................................8
१.१ पृष्ठभूमि ........................................................8
१.२ परियोजनाको परिचय........................................................9
१.३ सर्वेक्षणको उद्देश्य ........................................................9
एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)........................................................10
२.१ पालिकाको पृष्ठभुमि ........................................................10
२.२ अध्ययन ढाँचा, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू........................................................10
२.३ नमूना छनौट प्रक्रिया र नमूना ........................................................10
२.४ तथ्याङ्क सङ्कलन विधि........................................................11
एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)........13
३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी ........................................................13
३.२ बालबिवाह ........................................................14
३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था ........................................................14
३.२.२ बिवाहको प्रकार ........................................................16
३.२.३ बिवाह दर्ताको चलन........................................................17
३.२.४ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था ........................................................18
३.२.५ बिवाह तथा गर्भावस्थाको विवरण........................................................20
३.२.५ बाल बिवाहको अवस्था र कारणहरूको बारेमा जानकारी..............21
३.२.६ बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु ........................................................22
३.२.७ बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी..................23
३.२.९ बाल बिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी........23
३.२.१० बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान .....24

३.२.११ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ ....25

३.२.१२ बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी ....26

एकाइ ४ निष्कर्ष र सुझाब (Conclusion and Recommednations) ....27

४.१ निष्कर्ष ....27

४.२ सुझाब ....30

नि.प्रमुख प्रशासकीय अधिकृत

## शब्दावली तथा परिभाषा

बाल बालिका : संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वलः बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (NORAD) परियोजना बर्दिया कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालबिवाह र छिटो हुने बिवाहको व्यापकता दर सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन मूल्याङ्कन अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। परियोजनाको कार्यान्वयन साझेदारहरू सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) र मानव अधिकार तथा वातावरण विवकास केन्द्र (हुरेन्डेक) ले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (RoW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), हसरत अली (अनुगमन मूल्याङ्कन अनुसन्धान संयोजक) लगायत बलिराज शाही (हुरेन्डेक) दल सिंग कुमाल र नमराज योगी (सादा नेपाल) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोछ वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धैरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं।

कृष्ण श्रेष्ठ
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन मूल्याङ्कन अनुसन्धान तथा सिकाई ईकाई

नि.प्रमुख प्रशासकीय अधिकृत

# साराँश (Summary)


कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा बाल बिवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । यस सर्बेक्षणमा २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । कुल मिलाएर सबै वडाहरुबाट १८२ (महिला ७९ र पुरुष १०३) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समग्रमा, ४३ प्रतिशत महिला र ५७ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ६० प्रतिशत ब्राह्मण/क्षेत्री र ४० प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । यसरी नै उमेरगत रुपमा, ४० प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ३७ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, १२ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका र ७ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका थिए ।

## सर्बेक्षणको सार निम्न अनुसार छन् ।

यो अध्ययनमा सहभागि भएका १८२ घरपरिवार मध्ये समग्रमा ८० प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ५ र ७ का सहभागिलाई बढी (९४%) जानकारी भएको पाईयो ।

सन् २०२० मा ६७ प्रतिशत, सन् २०२१ मा ६१ प्रतिशत र सन् २०२२ मा ५१ प्रतिशत बाल बिवाहको दर पाईयो । बाल बिवाहको दर घटेको पाईएतापनि ५१ प्रतिशत बाल बिवाह हुनु भनेको जुन नेपालको औषत दर (२९ प्रतिशत[1]) भन्दा धेरै बढी हो ।

सन् २०२२ मा २९८ जनाको बिवाह भएका थियो । यसमा १५१ बालबिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ५१ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६१ प्रतिशत थियो ।

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी २९ प्रतिशत दलित समुदायमा भएको पाईयो भने २२ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो ।

सन् २०२२ अवधिमा सबै/कूल बिवाह मध्ये करिब ४ (२९८ मध्ये ११) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि ९६ (२९८ मध्ये २८७) प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो ।

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह गरी दिएको घटना पाईएन । आफ्नै ईच्छाले बिवाह गरेको १५१ बाल बिवाह मध्ये ६९ प्रतिशत महिलाको र बाँकि ३१ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो।

२० वर्ष उमेर पछि बिवाह भएको (१४७) मध्ये जम्मा १८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो ।

सन् २०२२ मा बाल बिवाह भएको ५१ प्रतिशत मध्ये अधिकतम ३६ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म र बाँकि ६ प्रतिशत बिध्यालय नगएकाहरुमा बाल बिवाह भएको पाईयो । बाँकि रहेको ४९ प्रतिशत २० वर्ष माथि उमेरको बिवाह मध्ये अधिकतम ३३ प्रतिशत बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ७ प्रतिशत स्नातक


[1] https://nepal.unfpa.org/en/publications/national-strategy-ending-child-marriage-0

वा सो भन्दा माथि अध्ययन गरेका, २ प्रतिशत आधारभूत तहसम्म र बाँकि ८ प्रतिशत बिध्यालय नगएकाहरुमा बिवाह भएको पाईयो ।

बिवाह अघि करिब २५७ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४७ (१८ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २१० जनाले मात्र बिवाह पश्चात पढाईलाई निरन्तरता दिएको पाईयो । शैक्षिक तहगत रुपमा हेर्ने हो भने सबै भन्दा बढी ३२ जनाले माध्यमिक तह सम्म पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो भने १५ जना आधारभूत तहमा पढ्नेहरुको बिवाह पश्चात पढाई छोडेको पाईयो ।

सन् २०२२ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

सबै भन्दा बढी ७३ प्रतिशत उत्तरहरु आफै भागेर बिवाह गर्ने गरेको कारणले बाल बिवाह र कम उमेरमा बिबाह हाल पनि बिध्यमान रहको प्रतिक्रिया दिएको छ भने ४४ प्रतिशत उत्तरहरु गरीबिको कारणले र ४० प्रतिशत उत्तर साथिहरुको लहलहैमा लागेर बिवाह गर्ने भएकोले यस समुदायमा हाल पनि बाल बिवाह हुने गरेको प्रतिक्रिया दिएको छ ।

सबै भन्दा बढी ६२ प्रतिशत उत्तरहरु बाल वालिकाहरुलाई जनचेतना जगाएर, ५८ प्रतिशत उत्तरहरु समुदायमा अनिवार्य शिक्षा लागु गरेर, ४६ प्रतिशत उत्तरहरु अभिभाबकहरुलाई जनचेतना जगाएर र ४३ प्रतिशत उत्तरहरु कडा कानुन लागु गरेर यस समुदायमा रहेको बाल बिबाहको चलनलाई अन्त्य गर्न सकिन्छ भन्ने धारणा राखेको पाईयो ।

सबै भन्दा बढी ६७ प्रतिशत उत्तरहरु छिटो गर्भवती र बच्चा जन्मिने, ६३ प्रतिशत उत्तरहरु स्वास्थ्य सम्बन्धी समस्या आउने, ६३ प्रतिशत उत्तरहरु बिध्यालय जान छोड्ने र ३० प्रतिशत उत्तरहरु कामको बोझ र जिम्मेवारी थपिने बाल बिवाहका मुख्य नकारात्मक असरहरु हुने बताएकाछन् ।

कुल उत्तरदाता (१८२) मध्ये २३ (४२) प्रतिशतलाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो ।

सबै भन्दा बढी ७९ प्रतिशत उत्तरहरु पुलिसमा, ५९ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, २४ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, १३ प्रतिशत उत्तरहरु बाल हेल्पलाईनमा र ७ प्रतिशत उत्तरहरु निगरानी समूहमा बाल बिवाह भएको खण्डमा रिपोर्ट गर्नु पर्छ भन्ने जानकारी भएको पाईएकोछ ।

कुल उत्तरदाता (१८२) मध्ये ५० प्रतिशत प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ४८ प्रतिशत परिवारले, ३९ प्रतिशत बाल क्लब र सँजालले, ३९ प्रतिशत युवा क्लब र सँजालले, ३४ प्रतिशत पालिकाले, २७ प्रतिशत पुलिसले समुदायमा बाल बिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएकाछन् ।

नि.प्रमुख प्रशासकीय अधिकृत

## सुझाबहरु

बाल बिवाहको चलन भएको वडाहरुमा विशेष योजना बनाएर वडा कार्यालयहरुसँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहको चलन बढी भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउहरुमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।

बाल बिवाहभै सकेका बाल बालिकाहरुलाई लक्षित गरी बाल बिवाह भएता पनि ढिलो गर्भवति हुने वा ढिलो बच्चा जन्माउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।

२० वर्ष उमेर पछि बिवाह भएको (१४७) मध्ये जम्मा १८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो तसर्थ २० वर्ष उमेर पछि बिवाह भएका सबैको बिवाह दर्ताको लागि वडा कार्यालयहरु सँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ मा अधिकतम ३६ प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ९ प्रतिशत आधारभूत तहसम्म र बाँकि ६ प्रतिशत बिध्यालय नगएकाहरुमा बाल बिवाह भएको पाईयो । बाँकि रहेको ४९ प्रतिशत २० वर्ष माथि उमेरको बिवाह मध्ये अधिकतम ३३ प्रतिशत बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ७ प्रतिशत स्नातक वा सो भन्दा माथि अध्ययन गरेका, २ प्रतिशत आधारभूत तहसम्म र बाँकि ८ प्रतिशत बिध्यालय नगएकाहरुमा बिवाह भएको पाईयो । तसर्थ बाल बिवाह उन्मूलनको लागि उच्च शिक्षासम्म जोड दिनु जरुरी देखिन्छ ।

करिब २५७ जना कुनै न कुनै तहमा अध्ययन गरी रहेको पाईयो भने बिवाह पश्चात ४७ (१८ प्रतिशत) जनाले पढाई छोडेको पाईयो जुन घटेर २१० जनाले मात्र बिवाह पश्चात पढाँई शुचारु गरेको पाईयो । तसर्थ कुनैपनि बाल बालिकालाई शिक्षाबाट बन्चित गराउनु नहुने हुनाले बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह भै सकेकाहरुको पनि शिक्षालाई निरन्तरताको लागि पहल गर्नु पर्ने देखिन्छ ।

सन् २०२२ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये १८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ११ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको साथसाथै जन्मान्तर तथा ढिलो गर्भाबस्था सम्बन्धि जनचेतना पुर्याउनु पर्ने देखिन्छ ।

कुल उत्तरदाता (१८२) मध्ये २३ (४२) प्रतिशत लाई मात्र चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वतः बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउन वडा कार्यालय पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।

# एकाइ १: परिचय (Introduction)

## १.१ पृष्ठभूमि

नेपालमा प्रचलित बालबिवाह एक सामाजिक समस्याको रुपमा रहेका छ । नेपालमा बालबिवाहको प्रचलन बढी छ जस्मा २०–२४ वर्षका नेपाली महिला मध्ये ३७ प्रतिशतले १८ वर्षको उमेरमा पहिलो बिवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा बिवाह भएको पाइन्छ । बालबिवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ । त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालबिवाहको प्रचलन भएको पाइन्छ । अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालबिवाहको प्रचलन फरक फरक पाइन्छ ।

नेपालको संविधान (संविधान २०७२) ले बालबिवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ । संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिँदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ । संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालबिवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकार, जोखिमपूर्ण कामबाट संरक्षणको अधिकार र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ । संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ ।

नेपाल सरकारले नेपालमा बालबिवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ लाई अपनाएको छ, जसले बालबिवाह विरुध्द लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ । विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालबिवाह उन्मूलन गर्नेछ । यसले बालबिवाह अन्त्य गर्न बहु–क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ । रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरण, बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षा, बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउने परिवार र समुदायलाई सहभागि गर्ने, सेवाहरूमा पहुँच र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने । स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालबिवाह घटाउने सूचकहरू ८० प्रतिशत पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको रास्कोट गाउंपालिकामा बाल बिवाह , कम उमेरमा हुने बिवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको नतिजा र सुझावहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालबिवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको दर घटाउनु रहेको छ । यो एउटा बृहत्तर कार्यपध्दतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै जीवनोपयोगि सीप बृध्दि गर्छ । यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृध्दिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाह नहोस । यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो बिवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ । त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ । यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४८२२ बालबालिका लाभान्वित हुनेछन ।

**परियोजनाको मूख्य उद्देश्यः**

"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहका दरलाई घटाउनु ।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता ।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृध्दि ।
- बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जवरजस्ति गरिने बिवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुाको आर्थिक अभिबृध्दिका अवशरहरुको सवलीकरण ।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो बिवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यताको अनुशरण ।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि ।

## १.३ सर्वेक्षणको उद्देश्य

सर्वेक्षणको समग्र उदेश्य कालीकोटको रास्कोट गाउँपालिकामा बालबिवाहको व्यापकता वा चलनको स्थिति पत्ता लगाउनु ।

बालबिवाहको व्यापकता वा चलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउनु ।

सर्वेक्षणको नतिजाको आधारमा बाल बिवाह , छिटो गरि हुने बिवाह तथा जबरजस्ती गरिने बिवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु ।

सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने ।

# एकाइ २: सर्वेक्षण क्षेत्र र विधि (Methodology)

रास्कोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

## २.१ पालिकाको पृष्ठभुमि

नेपालको कान्छो जिल्ला भनेर चिनिने कालिकोट जिल्लाको सबैभन्दा सानो तर अति सुन्दर, भौगोलिकरुपमा मिलेको नगरपालिका रास्कोट नगरपालिका हो । साबिकका स्यूना, सिपखाना र फुकोट गा वि स x?को भूभागलाई मिलाएर यस नगरपालिकाको स्थापना वि स २०७३ फागुन २७ गते भएको हो । प्रारम्भिक जनसंख्या २०७८ अनुसार यस गाउंपालिकामा ३०७६ घरपरिवारमा कुल जनसंख्या १६४६९ (पुरुष ८०५९ र ८४१० महिला) रहेको छ । यस नगरीमा प्रसिद्ध पर्यटकीय स्थलहरु शम्भुनाथ मन्दिर, देउरा मालिका मन्दिर, मलयागिरी पाटन, रास्कोटी राजाको दरवारको अवषेश, रानिवन रहेका छन् ।

## २.२ अध्ययन ढाँचा, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको एनोनिमस मात्रात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो । कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो ।

यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

२७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र बिवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । रास्कोट पालिकाबाट सबै वडाहरू चयन गरिएको थियो । कुल मिलाएर, १८२ (महिला ७९ र पुरुष १०३) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । समुदायमा गणकहरुले बिवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो । गणकहरूले बिवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो बिवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

समग्रमा, ४३ प्रतिशत महिला र ५७ प्रतिशत पुरुष उत्तरदाताहरूले यस सर्बेक्षणमा सहभागिता जनाएका थिए जहाँ ६० प्रतिशत ब्राह्मण/क्षेत्री र ४० प्रतिशत पहाडी दलित जातजातिको सहभागिता थियो । यसरी नै उमेरगत

रुपमा, ४० प्रतिशत उत्तरदाता २०-४० वर्ष उमेर समूहका थिए, त्यसपछि ३७ प्रतिशत ४१-६० वर्ष उमेर समूहका, १२ प्रतिशत उत्तरदाता २० वर्ष मुनिका र ७ प्रतिशत उत्तरदाता ६१ वर्षभन्दा माथिका थिए।

| वडा न | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७ | २४% | २२ | ७६% | २९ |
| २ | ४ | २०% | १६ | ८०% | २० |
| ३ | ४ | २९% | १० | ७१% | १४ |
| ४ | १४ | ६७% | ७ | ३३% | २१ |
| ५ | १२ | ६७% | ६ | ३३% | १८ |
| ६ | ४ | २१% | १५ | ७९% | १९ |
| ७ | २ | २२% | ७ | ७८% | ९ |
| ८ | ९ | ५३% | ८ | ४७% | १७ |
| ९ | २३ | ६६% | १२ | ३४% | ३५ |
| जम्मा | ७९ | ४३% | १०३ | ५७% | १८२ |

## २.४ तथ्याङ्क सङ्कलन विधि

सर्वेक्षण प्रश्नावली कोबो टूलबक्स (KoBo Toolbox) मा डिजाइन गरिएको थियो, मोबाइलमा आधारित डाटा सङ्कलनका लागि नि:शुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्स प्रयोग गरिएको थियो । मोबाईलमा आधारीत कोबो कलेक्ट एप प्रयोग गरेर घरपरिवार सर्वेक्षण गरिएको थियो। यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समाबेस गरिएको थियो।

स्थानीय साझेदार सस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre-test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।
प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

स्थानीय साझेदारहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि गाउपालिका/नगरपालिकाबाट लिखित सहमति प्राप्त गरेका थिए। गणकहरूले तथ्याङ्क सङ्कलन गर्नु अघि अध्ययनमा सहभागीहरूबाट लिखित सहमति प्राप्त गरेका थिए र यदि उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाब र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझाबहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सँकलन लागि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।

सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

## २.७ अध्ययनको सीमितता

अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ।

अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन्।

अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले बालबिवाहको न्यूनिकरणमा योगदान पुर्याएको पनि हुन सक्छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# एकाइ ३: तथ्यांक विश्लेषण र सारहरु (Data Analysis and Findings)

## ३.१ बिवाह गर्ने कानुनी उमेर बारे जानकारी

तालिका १: बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी

| वडा | छ | % | छैन | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | २२ | ७६% | ७ | २४% | २९ |
| २ | १२ | ६०% | ८ | ४०% | २० |
| ३ | ९ | ६४% | ५ | ३६% | १४ |
| ४ | १८ | ८६% | ३ | १४% | २१ |
| ५ | १७ | ९४% | १ | ६% | १८ |
| ६ | १७ | ८९% | २ | ११% | १९ |
| ७ | ८ | ८९% | १ | ११% | ९ |
| ८ | १० | ५९% | ७ | ४१% | १७ |
| ९ | ३३ | ९४% | २ | ६% | ३५ |
| जम्मा | १४६ | ८०% | ३६ | २०% | १८२ |

यो अध्ययनमा सहभागि भएका १८२ घरपरिवार मध्य समग्रमा ८० प्रतिशत सहभागिलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ५ र ७ का सहभागिलाई बढी (९४%) थाह भएको पाईयो । वडागत हिसाबले हेर्दा वडा नम्बर ८, २ र ३ का सहभागिहरुलाई बिवाह गर्ने कानुनी उमेरको बारेमा कम जानकारी भएको पाईयो ।

तालिका २: लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेरको बारेमा ज्ञान

| वडा नम्बर | ज्ञान भएको | | | | | | ज्ञान नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ५ | १७% | १७ | ५९% | २२ | ७६% | २ | ७% | ५ | १७% | ७ | २४% | २९ |
| २ | २ | १०% | १० | ५०% | १२ | ६०% | २ | १०% | ६ | ३०% | ८ | ४०% | २० |
| ३ | ४ | २९% | ५ | ३६% | ९ | ६४% | ० | ०% | ५ | ३६% | ५ | ३६% | १४ |
| ४ | १२ | ५७% | ६ | २९% | १८ | ८६% | २ | १०% | १ | ५% | ३ | १४% | २१ |
| ५ | ११ | ६१% | ६ | ३३% | १७ | ९४% | १ | ६% | ० | ०% | १ | ६% | १८ |
| ६ | ४ | २१% | १३ | ६८% | १७ | ८९% | ० | ०% | २ | ११% | २ | ११% | १९ |
| ७ | २ | २२% | ६ | ६७% | ८ | ८९% | ० | ०% | १ | ११% | १ | ११% | ९ |
| ८ | ४ | २४% | ६ | ३५% | १० | ५९% | ५ | २९% | २ | १२% | ७ | ४१% | १७ |
| ९ | २१ | ६०% | १२ | ३४% | ३३ | ९४% | २ | ६% | ० | ०% | २ | ६% | ३५ |
| जम्मा | ६५ | ३६% | ८१ | ४४% | १४६ | ८०% | १४ | ८% | २२ | १२% | ३६ | २०% | १८२ |

समग्रमा बिवाह गर्ने कानूनी उमेर थाह भएका ८० प्रतिशत (३६ प्रतिशत महिला तथा ४४ प्रतिशत पुरुष) लाई मात्र बिवाह गर्ने कानूनी उमेरको बारेमा जानकारी भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार बिवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विवरण तालिका नम्बर २ मा प्रश्तुत गरीएको छ ।

## ३.२ बालबिवाह

### ३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था

यस नगरपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन् २०२० मा ६७ प्रतिशत, सन् २०२१ मा ६१ प्रतिशत र सन् २०२२ मा ५१ प्रतिशत बाल बिवाह  र छिटो बिवाहको दर पाईयो । बाल बिवाह  र छिटो बिवाहको दर घटेको पाईएतापनि ५१ प्रतिशत बाल बिवाह  र छिटो बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा धेरै बढी हो ।




**तालिका ३: वडागत अनुसार बाल बिवाहको ३ बर्षको विवरण**

| वडा नम्बर | सन् २०२० | | | सन् २०२१ | | | सन् २०२२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ८६ | ६२ | ७२ | ३९ | २१ | ५४ | ५८ | २९ | ५० |
| वडा न-२ | ८९ | ६० | ६७ | २९ | १९ | ६६ | ३५ | १३ | ३७ |
| वडा न-३ | ६८ | २८ | ४१ | ५८ | ५० | ८६ | २६ | १५ | ५८ |
| वडा न-४ | ९४ | ७६ | ८१ | ७५ | ५१ | ६८ | ३३ | २१ | ६४ |
| वडा न-५ | ९२ | ५५ | ६० | ६४ | ४० | ६३ | २९ | २२ | ७६ |
| वडा न-६ | ७६ | ७२ | ९५ | २३ | १२ | ५२ | ३४ | १९ | ५६ |
| वडा न-७ | १२८ | ९९ | ७७ | ४ | २ | ५० | १७ | ७ | ४१ |
| वडा न-८ | १०८ | ४७ | ४४ | २७ | ६ | २२ | ३० | ११ | ३७ |
| वडा न-९ | ८६ | ५३ | ५३ | ४७ | २२ | ४७ | ३६ | १४ | ३९ |
| **जम्मा** | **८२७** | **५५२** | **६७** | **३६६** | **२२३** | **६१** | **२९८** | **१५१** | **५१** |




यस पालिकामा एक वर्षमा २९८ जनाको बिवाह भएका थियो । यसमा १५१ बालबिवाह वा छिटो बिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ५१ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६१ प्रतिशत थियो । वडा नं ५, ४, ३ मा बालबिवाह वा छिटो बिवाह वढि छ भने वडा नं ८ र २ मा कम छ । वडा नम्बर ५, ६ र ८ मा अघिल्लो बर्षको तुलनामा बालबिवाह वा छिटो बिवाह यस बर्ष बढेको देखिन्छ । तालिका ३ मा विष्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ४: सन् २०२२ मा लैङ्गिक तथा वडागत बाल बिवाहको विवरण**

| वडा नम्बर | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारीको बिवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | २० | ३४% | ९ | १६% | २९ | ५०% | १२ | २१% | १७ | २९% | २९ | ५०% | ५८ |
| वडा न-२ | ८ | २३% | ५ | १४% | १३ | ३७% | १० | २९% | १२ | ३४% | २२ | ६३% | ३५ |
| वडा न-३ | ९ | ३५% | ६ | २३% | १५ | ५८% | ५ | १९% | ६ | २३% | ११ | ४२% | २६ |
| वडा न-४ | १५ | ४५% | ६ | १८% | २१ | ६४% | ६ | १८% | ६ | १८% | १२ | ३६% | ३३ |
| वडा न-५ | १७ | ५९% | ५ | १७% | २२ | ७६% | ३ | १०% | ४ | १४% | ७ | २४% | २९ |
| वडा न-६ | १४ | ४१% | ५ | १५% | १९ | ५६% | ५ | १५% | १० | २९% | १५ | ४४% | ३४ |
| वडा न-७ | ६ | ३५% | १ | ६% | ७ | ४१% | ३ | १८% | ७ | ४१% | १० | ५९% | १७ |
| वडा न-८ | १० | ३३% | १ | ३% | ११ | ३७% | ८ | २७% | ११ | ३७% | १९ | ६३% | ३० |
| वडा न-९ | ५ | १४% | ९ | २५% | १४ | ३९% | ४ | ११% | १८ | ५०% | २२ | ६१% | ३६ |
| जम्मा | १०४ | ३५% | ४७ | १६% | १५१ | ५१% | ५६ | १९% | ९१ | ३१% | १४७ | ४९% | २९८ |

जम्मा बिवाह भएको मध्ये ३५ प्रतिशत महिलाहरुको र १६ प्रतिशत पुरुषहरुको बाल बिवाह भएको पाईयो जसमा यो दर महिलाहरुको सन्दर्भमा सबै भन्दा बढी वडा नम्बर ५ मा ५९ प्रतिशत वडा नम्बर ४ मा ४५ प्रतिशत वडा नम्बर ६ मा ४१ प्रतिशत रहेको छ । त्यसरीनै पुरुषहरुको हकमा सबै भन्दा बढी वडा नम्बर ९ मा २५ प्रतिशत वडा नम्बर ३ मा २३ प्रतिशत वडा नम्बर ४ मा १८ प्रतिशत बाल बिवाह भएको पाईयो ।

तालिका ५ सन् २०२२ मा जातिगत तथा वडागत बाल बिवाहको विवरण

| वडा नम्बर | २० बर्ष भन्दा कम उमेरको बिवाह | | | | | | २० बर्ष पारीको बिवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | ब्राहम्ण क्षत्री | % | दलित | % | जम्मा | % | |
| वडा न-१ | १४ | २४% | १५ | २६% | २९ | ५०% | १९ | ३३% | १० | १७% | २९ | ५०% | ५८ |
| वडा न-२ | ११ | ३१% | २ | ६% | १३ | ३७% | १५ | ४३% | ७ | २०% | २२ | ६३% | ३५ |
| वडा न-३ | ६ | २३% | ९ | ३५% | १५ | ५८% | १० | ३८% | १ | ४% | ११ | ४२% | २६ |
| वडा न-४ | ४ | १२% | १७ | ५२% | २१ | ६४% | ८ | २४% | ४ | १२% | १२ | ३६% | ३३ |
| वडा न-५ | २ | ७% | २० | ६९% | २२ | ७६% | ४ | १४% | ३ | १०% | ७ | २४% | २९ |
| वडा न-६ | ११ | ३२% | ८ | २४% | १९ | ५६% | १४ | ४१% | १ | ३% | १५ | ४४% | ३४ |
| वडा न-७ | ६ | ३५% | १ | ६% | ७ | ४१% | ७ | ४१% | ३ | १८% | १० | ५९% | १७ |
| वडा न-८ | ४ | १३% | ७ | २३% | ११ | ३७% | १६ | ५३% | ३ | १०% | १९ | ६३% | ३० |
| वडा न-९ | ८ | २२% | ६ | १७% | १४ | ३९% | १८ | ५०% | ४ | ११% | २२ | ६१% | ३६ |
| **जम्मा** | ६६ | २२% | ८५ | २९% | १५१ | ५१% | १११ | ३७% | ३६ | १२% | १४७ | ४९% | २९८ |

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह सबै भन्दा बढी २९ प्रतिशत दलित समुदायमा भएको पाईयो भने २२ प्रतिशत ब्राम्हण क्षत्री समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ५ मा ६९ प्रतिशत वडा नम्बर ४ मा ५२ प्रतिशत र वडा नम्बर १ मा २६ प्रतिशत दलित समुदायमा बाल बिवाह र छिटो बिवाहको प्रतलन रहेको देखियो । त्यसरी नै ब्राम्हण क्षत्री समुदायको सन्दर्भमा हेर्नेहो भने सबै भन्दा बढी वडा नम्बर ७ मा ३५ प्रतिशत वडा नम्बर ६ मा ३२ प्रतिशत र वडा नम्बर २ मा ३१ प्रतिशत बाल बिवाह र छिटो बिवाहको चलन रहेको देखियो ।

### ३.२.२ बिवाहको प्रकार

तालिका ६ सन् २०२२ मा बिवाहको प्रकार तथा वडागत बिवाहको विवरण

| वडा नम्बर | २० बर्ष भन्दा मुनिको बिवाह | | | | | | २० बर्ष पारीको बिवाह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरिदीएको बिवाह | % | आफैले विवाह गरेका | % | जम्मा | % | अभिभावकले गरिदीएको बिवाह | % | आफैले बिवाह गरेका | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | २९ | ५०% | २९ | ५०% | २ | ३% | २७ | ४७% | २९ | ५०% | ५८ |
| वडा न-२ | ० | ०% | १३ | ३७% | १३ | ३७% | ० | ०% | २२ | ६३% | २२ | ६३% | ३५ |
| वडा न-३ | ० | ०% | १५ | ५८% | १५ | ५८% | ० | ०% | ११ | ४२% | ११ | ४२% | २६ |
| वडा न-४ | ० | ०% | २१ | ६४% | २१ | ६४% | ० | ०% | १२ | ३६% | १२ | ३६% | ३३ |
| वडा न-५ | ० | ०% | २२ | ७६% | २२ | ७६% | २ | ७% | ५ | १७% | ७ | २४% | २९ |
| वडा न-६ | ० | ०% | १९ | ५६% | १९ | ५६% | ० | ०% | १५ | ४४% | १५ | ४४% | ३४ |
| वडा न-७ | ० | ०% | ७ | ४१% | ७ | ४१% | ० | ०% | १० | ५९% | १० | ५९% | १७ |
| वडा न-८ | ० | ०% | ११ | ३७% | ११ | ३७% | ४ | १३% | १५ | ५०% | १९ | ६३% | ३० |
| वडा न-९ | ० | ०% | १४ | ३९% | १४ | ३९% | ३ | ८% | १९ | ५३% | २२ | ६१% | ३६ |
| **जम्मा** | ० | ०% | १५१ | ५१% | १५१ | ५१% | ११ | ४% | १३६ | ४५% | १४७ | ४९% | २९८ |

सन् २०२२ अवधिमा जम्मा भएको बिवाह मध्ये करिब ४ (२९८ मध्ये ११) प्रतिशत मात्र अभिभावकले बिवाह गरी दिएको देखिन्छ भने बाँकि ९६ (२९८ मध्ये २८७) प्रतिशत आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । बाल बिवाह र छिटो बिवाहको हक मा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ५ मा ७६

प्रतिशत वडा नम्बर ४ मा ६४ प्रतिशत र वडा नम्बर ३ मा ५८ प्रतिशत आफ्नै ईच्छाले बिवाह गर्ने चलन रहेको देखियो ।

**तालिका ७ सन् २०२२ मा बाल बिवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार बिवाहको विवरण**

| वडा नम्बर | अभिभावकले गरिदीएको बिवाह | | | | | | आफैले बिवाह गरेका | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | ० | ०% | ० | ०% | २० | ६९% | ९ | ३१% | २९ | १००% | २९ |
| वडा न-२ | ० | ०% | ० | ०% | ० | ०% | ८ | ६२% | ५ | ३८% | १३ | १००% | १३ |
| वडा न-३ | ० | ०% | ० | ०% | ० | ०% | ९ | ६०% | ६ | ४०% | १५ | १००% | १५ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | १५ | ७१% | ६ | २९% | २१ | १००% | २१ |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | १७ | ७७% | ५ | २३% | २२ | १००% | २२ |
| वडा न-६ | ० | ०% | ० | ०% | ० | ०% | १४ | ७४% | ५ | २६% | १९ | १००% | १९ |
| वडा न-७ | ० | ०% | ० | ०% | ० | ०% | ६ | ८६% | १ | १४% | ७ | १००% | ७ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | १० | ९१% | १ | ९% | ११ | १००% | ११ |
| वडा न-९ | ० | ०% | ० | ०% | ० | ०% | ५ | ३६% | ९ | ६४% | १४ | १००% | १४ |
| **जम्मा** | **०** | **०%** | **०** | **०%** | **०** | **०%** | **१०४** | **६९%** | **४७** | **३१%** | **१५१** | **१००%** | **१५१** |

सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो भने अभिभावकले बाल बिवाह गरी दिएको घटना पाईएन । आफ्नै ईच्छाले बिवाह गरेको १५१ बाल बिवाह मध्ये ६९ प्रतिशत महिलाको र बाँकि ३१ प्रतिशत पुरुषहरुले आफ्नै ईच्छाले बिवाह गरेको पाईयो । आफ्नै ईच्छाले बिवाह गरेको बाल बिवाहको महिलाको हकमा वडागत विवरण केलाउने हो भने सबै भन्दा बढी वडा नम्बर ८ मा ९१ प्रतिशत वडा नम्बर ५ मा ७७ प्रतिशत र वडा नम्बर ६ मा ७४ प्रतिशत आपै बिवाह गर्ने चलन रहेको देखियो । त्यसरीनै पुरुषको हकमा आफ्नै ईच्छाले बिवाह बाल बिवाह गरेको सबै भन्दा बढी वडा नम्बर ९ मा ६४ प्रतिशत वडा नम्बर ३ मा ४० प्रतिशत र वडा नम्बर २ मा ३८ प्रतिशत आफै बिवाह गर्ने चलन रहेको देखियो । यसरी समग्रमा कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा पुरुषहरुको तुलनामा महिलाहरुले आफै बाल बिवाह गर्ने चलन रहेको पाईयो ।

### ३.२.३ बिवाह दर्ताको चलन

**तालिका ८ २० पारी भएको वडागत बिवाहको विवरण तथा बिवाह दर्ता विवरण**

| वडा नम्बर | भएको | % | नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | २९ | १००% | २९ |
| वडा न-२ | १६ | ७३% | ६ | २७% | २२ |
| वडा न-३ | ५ | ४५% | ६ | ५५% | ११ |
| वडा न-४ | ० | ०% | १२ | १००% | १२ |
| वडा न-५ | ० | ०% | ७ | १००% | ७ |
| वडा न-६ | ० | ०% | १५ | १००% | १५ |
| वडा न-७ | ० | ०% | १० | १००% | १० |
| वडा न-८ | ३ | १६% | १६ | ८४% | १९ |
| वडा न-९ | ३ | १४% | १९ | ८६% | २२ |
| **जम्मा** | २७ | १८% | १२० | ८२% | १४७ |

२० वर्ष उमेर पछि बिवाह भएको (१४७) मध्ये जम्मा १८ प्रतिशत बिवाहको मात्र बिवाह दर्ता भएको देखियो जस्मा सबै भन्दा बढी वडा नम्बर २ मा ७३ प्रतिशत, वडा नम्बर ३ मा ४५ प्रतिशत र वडा नम्बर ८ मा १६ प्रतिशत रहको पाईयो । अधिकाँश अरु वडा हरुमा बिवाह भए पछि बिवाह दर्ता नगर्ने चलन रहेको देखियो ।

तालिका ९: २० पारी भएको वडागत बिवाहको विवरण तथा लैङ्गिक अनुसार बिवाह दर्ता विवरण

| वडा नम्बर | महिला | | | | | | पुरुष | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | % | नभएको | % | जम्मा | % | भएको | % | नभएको | % | जम्मा | % | |
| वडा न-१ | ० | ०% | १२ | ४१% | १२ | ४१% | ० | ०% | १७ | ५९% | १७ | ५९% | २९ |
| वडा न-२ | ८ | ३६% | २ | ९% | १० | ४५% | ८ | ३६% | ४ | १८% | १२ | ५५% | २२ |
| वडा न-३ | ३ | २७% | २ | १८% | ५ | ४५% | २ | १८% | ४ | ३६% | ६ | ५५% | ११ |
| वडा न-४ | ० | ०% | ६ | ५०% | ६ | ५०% | ० | ०% | ६ | ५०% | ६ | ५०% | १२ |
| वडा न-५ | ० | ०% | ३ | ४३% | ३ | ४३% | ० | ०% | ४ | ५७% | ४ | ५७% | ७ |
| वडा न-६ | ० | ०% | ५ | ३३% | ५ | ३३% | ० | ०% | १० | ६७% | १० | ६७% | १५ |
| वडा न-७ | ० | ०% | ३ | ३०% | ३ | ३०% | ० | ०% | ७ | ७०% | ७ | ७०% | १० |
| वडा न-८ | २ | ११% | ६ | ३२% | ८ | ४२% | १ | ५% | १० | ५३% | ११ | ५८% | १९ |
| वडा न-९ | १ | ५% | ३ | १४% | ४ | १८% | २ | ९% | १६ | ७३% | १८ | ८२% | २२ |
| **जम्मा** | **१४** | **१०%** | **४२** | **२९%** | **५६** | **३८%** | **१३** | **८%** | **७८** | **५३%** | **९१** | **६२%** | **१४७** |

२० वर्ष उमेर माथि बिवाह भएको (१४७) मध्ये जम्मा १० प्रतिशत महिलाहरुको बिवाह दर्ता भएको देखियो भने पुरुषहरुको हकमा ८ प्रतिशत मात्र बिवाह दर्ता भएको पाईयो । यो अध्ययनले रास्कोट नगरपालिकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।

## ३.२.४ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था

तालिका १०: बिवाह हुँदाको शैक्षिक अवस्था अनुसार वडागत बिवाहको विवरण

| वडा नम्बर | २० वर्ष भन्दा कम उमेरको बिवाह | | | | | | | | २० बर्ष माथि भएको बिवाह | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कहिलै बिध्यालय नभएको | % | आधारभूत तहसम्म | % | माध्यमिक तहसम्म | % | जम्मा | % | कहिलै बिध्यालय नभएको | % | आधारभूत तहसम्म | % | माध्यमिक तहसम्म | % | स्नातक तह वा सो भन्दा माथि | % | जम्मा | % | |
| वडा न-१ | १ | २% | ६ | १०% | २२ | ३८% | २९ | ५०% | ४ | ७% | २ | ३% | १७ | २९% | ६ | १०% | २९ | ५०% | ५८ |
| वडा न-२ | १ | ३% | २ | ६% | १० | २९% | १३ | ३७% | २ | ६% | १ | ३% | १४ | ४०% | ५ | १४% | २२ | ६३% | ३५ |
| वडा न-३ | १ | ४% | ३ | १२% | ११ | ४२% | १५ | ५८% | २ | ८% | ० | ०% | ९ | ३५% | ० | ०% | ११ | ४२% | २६ |
| वडा न-४ | ५ | १५% | ५ | १५% | ११ | ३३% | २१ | ६४% | २ | ६% | २ | ६% | ६ | १८% | २ | ६% | १२ | ३६% | ३३ |
| वडा न-५ | ५ | १७% | ४ | १४% | १३ | ४५% | २२ | ७६% | २ | ७% | ० | ०% | ४ | १४% | १ | ३% | ७ | २४% | २९ |
| वडा न-६ | ० | ०% | १ | ३% | १८ | ५३% | १९ | ५६% | ० | ०% | १ | ३% | १३ | ३८% | १ | ३% | १५ | ४४% | ३४ |
| वडा न-७ | ० | ०% | १ | ६% | ६ | ३५% | ७ | ४१% | २ | १२% | ० | ०% | ८ | ४७% | ० | ०% | १० | ५९% | १७ |
